# व्यवस्थापिका-संसद सचिवालय

व्यवस्थापिका-संसद सचिवालयको यो वर्ष विनियोजन रु.१ अर्ब २३ करोड ४६ लाख, राजस्व रु.२ करोड ८० लाख, धरौटी रु.५२ लाखसमेत रु.१ अर्ब २६ करोड ७८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **टुक्रा पारी खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुनेमा सचिवालयले रु.५६ लाख १५ हजारको कार्यालय सामान, रु.१५ लाख ५५ हजारको फर्निचर, रु.१७ लाख ९ हजारको औषधि, रु.१७ लाख ७९ हजारको मेसिनरी औजार र रु.१ करोड १५ लाख ३९ हजारको सार्वजनिक निर्माण समेत रु.२ करोड २१ लाख ९७ हजारको कार्य टुक्रा टुक्रा पारी सोझै खरिद गरेको छ । ऐनको व्यवस्थाबमोजिम प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ ।

२. **प्रोत्साहन भत्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ मा थप सुविधा वृद्धि गरी आर्थिक दायित्व पर्ने निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्ने उल्लेख छ । व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६५ मा रहेको कार्य सम्पादनमा आधारित प्रोत्साहन रकम उपलब्ध गराउन सक्ने व्यवस्थाको आधारमा सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको २०७२।६।६ को निर्णयबमोजिम शुरु तलबस्केलको ८० प्रतिशतले हुने प्रोत्साहन भत्ता रु.६ करोड ६४ लाख र सार्वजनिक बिदाको दिनको रु.७५०।- र अन्य दिनको रु.६००।- का दरले अतिरिक्त समय काम गरेको दिनको खाना/खाजा खर्च रु.५ करोड २८ लाख २५ हजार समेत कर्मचारीहरुलाई कार्य सम्पादन सूचक बेगर रु.११ करोड ९२ लाख २५ हजार विविध खर्च शीर्षकबाट भुक्तानी दिएकोमा अर्थ मन्त्रालयको पूर्वसहमति लिएको देखिएन । मन्त्रिपरिषद्बाट कार्य सम्पादन सूचक स्वीकृत गराएरमात्र यस किसिमको भत्ता खर्च गर्नुपर्दछ ।

**३.** **अतिथि सत्कार:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१(१) संग सम्वन्धित अनुसूची-३ मा खरिद सम्झौतामा उल्लिखित मालसामान वा अन्य सेवा माग गरेको समयमा आपूर्तिकर्ताबाट प्राप्त गर्ने व्यवस्था गर्न संरचनात्मक वा एकाईगत दर सम्झौता गर्न सकिने उल्लेख छ । सचिवालयले यो वर्ष सभामुख र उप-सभामुखको सचिवालय, संसदीय समिति तथा संसदीय दलको कार्यालयहरुमा गरी जम्मा रु.४ करोड ३६ लाख ७४ हजार अतिथि सत्कारमा खर्च गरेकोमा उपर्युक्त व्यवस्थाबमोजिम गरेको देखिएन । नियमको व्यवस्थाबमोजिम मितव्ययी एवं पारदर्शी बनाई खर्च गर्नुपर्दछ ।

४. **मिन्हा -** सचिवालयका कर्मचारीहरुलाई २०७०।७१ मा तलब तथा सुविधा भुक्तानी गर्दा रु.३९ लाख ८३ हजार घटी कर कट्टी गरेकोले असुल हुनु पर्ने व्यहोरा यस कार्यालयको ५२ औ प्रतिवेदनमा समावेश भएकोमा २०७२।७३ बाट पूरै कट्टी गर्न थालेको जनाई सार्वजनिक लेखा समितिअन्तर्गत उपसमितिले २०७२।९।२१ को निर्णयले मिन्हा गरेको छ । आयकर ऐन,२०५८ को व्यवस्था भन्दा फरक किसिमले निर्णय गरी वासिन्दा प्राकृतिक व्यक्तिको कर मिन्हा गरी कर दायित्ववाट उन्मुक्ति दिन मिल्दैन । अत: उक्त कर सोही ऐनको दफा ८ बमोजिम असुल हुनु पर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष रु.१५ करोड ५७ लाख २ हजार बेरुजू देखिएकोमा प्रारंभिक प्रतिवेदन उपलब्ध गराएपछि रु. २ लाख ९६ हजार फछ्र्यौट गरेकोले रु.१५ करोड ५४ लाख ६ हजार बाँकी रहेको छ ।।